# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २९५ | काठमाडौं | शुक्रबार, ११ फागुन २०८० | Prabhab National Daily | Friday, February 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# विवाहेत्तर सम्बन्धले बढाउँदै हत्या

■ जेबी योञ्जन

**काठमाडौं–** विवाहेत्तर सम्बन्धले हत्याजस्तो गम्भीर प्रकृतिको फौजदारी अपराध बढाएको छ। पछिल्ला महिनामा त्यस्तो सम्बन्धले बढाएको हत्या घटनाको ग्राफ पनि उच्च देखिएको छ। जसले पारिवारिक सुरक्षामा समेत चुनौती थपिदिएको छ।

बुधबारमात्रै काठमाडौंको सीतापाइलास्थित भैरवटोलमा श्रीमतीसहित तीन जनाको हत्यापछि श्रीमानले आत्महत्या गरे। घटनाको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले उक्त घटनाको कारण विवाहेत्तर सम्बन्ध रहेको प्रारम्भिक निष्कर्ष निकालेका छन्।

घटनामा ३८ वर्षीया श्रीमती ईश्वरी भनिने प्रेमकुमारी श्रेष्ठ, ८ वर्षीया छोरी अनिशा र २८ महिने नातिनी शिवानी श्रेष्ठ मारिएका थिए। हत्यामा संलग्न भनिएका काजी भनिने राजु विश्वकर्मा आत्महत्या गरेको अवस्थामा फेला परे। अर्थात् विवाहेत्तर सम्बन्धको आशंकाले एकै परिवारका चार सदस्य मासिए।

- काठमाडौंको सीतापाइला, गौशला, स्वयम्भू र पाँचथरको आरूबोटे हत्याकाण्डको कारक विवाहेत्तर सम्बन्ध
- पारिवारिक सुरक्षा चुनौती बढ्दो
- दिनहुँ दुई जनाको हत्या

काठमाडौं प्रहरी परिसरका प्रमुख (एसएसपी) भूपेन्द्र खत्रीका अनुसार नाबालक छोरा अनिशको मोबाइलमा राजुले खिचाएको भिडियो सन्देशले श्रीमती ईश्वरीको विवाहेत्तर सम्बन्ध नै घटनाको कारक रहेको खुलाउँछ।

भिडियोमा हत्या आरोपी राजुले भनेका छन्, '...मैले बाँचेर गरी खाने ठाउँ भएन। आज पो राम्रो होला कि, भोलि पो राम्रो होला कि भनेर हेरें। कहिल्यै पनि राम्रो भएन। त्यही भएर मैले यस्तो निर्णय गरेको छु। तिमीहरू मिलेर गरिखानू। मिलेर बस्नू। ममीजस्तो भएर नहिँड्नू। त्यही हो मेरो भनाइ। माफ गरिदे मलाई।'

स्थानीय एक अर्धबैंशे पुरुषसँग ईश्वरी सम्बन्धमा रहेको र अन्ततः ईश्वरीले राजुको दबाबमा ती पुरुषविरुद्ध बलात्कारसम्बन्धी मुद्दा दायर गरेकी थिइन्। तर, पनि पाँच लाख धरौटीमा गत साता ती पुरुष छुटेको र ईश्वरीले भेट्ने क्रम जारी राखेपछि राजु क्रुद्ध बनेका थिए। चितवनका अर्को एक जना पुरुषसँग पनि ईश्वरी सम्बन्धमा रहेको बताइएको छ। परिणामतः बुधबार श्रीमतीसहित तीन जनाको हत्या गरेर आत्महत्या गरेको निष्कर्ष प्रहरीको छ।

यसअघि २७ माघमा काठमाडौंकै गौशलाको एक होटलमा महिला मृत फेला परेकी थिइन्। घटनाको अनुसन्धान गर्दै जाँदा प्रहरीले मृत महिला रामेछापको लिखु–६ की २८ वर्षीया प्रमिला दमाई रहेको पत्ता लगायो। विवाहित उनी दोलखाको बैतेश्वर– ७ का कुमार श्रेष्ठ (विवाहित)सँग विवाहेत्तर सम्बन्धमा रहेको प्रहरीले अनुसन्धानपछि पत्ता लगायो र घटनाको कारण विवाहेत्तर सम्बन्धमा खटपट रहेको निष्कर्ष निकाल्यो।

गत ७ माघमा काठमाडौंको स्वयम्भूस्थित शोभाभगवतीमा रहेको एक घरमा ५१ वर्षीया सफिना मियाँको शरीर सडिएको अवस्थामा फेला पर्‍यो। घटना तीन महिना पहिलेको भएको प्रहरीले निष्कर्ष निकाल्यो। टाउकोमा गम्भीर चोट लागेको देखिएका सफिनाको हत्या आरोपमा प्रहरीले प्रेमी भारतको विहारका इकरामुल हक अन्सारीलाई पक्राउ गर्‍यो। अनुसन्धानको क्रममा विवाहेत्तर सम्बन्धमा उनी सफिनासँग रहेको र सम्बन्धमा खटपट भएपछि हत्या गरेको बयान दिएको प्रहरीले जनायो।

मृतक मिया तनहुँको भीमदत्त नगरपालिका– १ की रहेको खुलेको छ। अन्सारीसँग प्रेममा परेर लिभिङ टुगेदरमा रहेका बेला घटना भएको हो।

गत २६ पुसमा पाँचथरको आरुबोटेमा माइतीघरमै गोमा फियाकको हत्या भयो। हत्या आरोपमा प्रहरीले पति नरध्वज कुरुम्बाङलाई पक्राउ गर्‍यो। प्रहरीले घटनाको अनुसन्धान सकेको छ र अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गरिसकेको छ। बयानका क्रममा नरध्वजले श्रीमती गोमाको मोबाइलमा केटा मान्छेको फोन जहिल्यै आउने गरेको र घर नै छाडेर एक महिना ती केटासँग हराएको भनेका छन्। प्रहरीले यो घटनाको कारण पनि विवाहेत्तर सम्बन्धलाई मानेको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता भीमप्रसाद ढकालले पछिल्ला दिनमा विवाहेत्तर सम्बन्धले हत्या घटना निम्त्याएको बताएका छन्। उनले त्यस्ता हत्या घटना 'आवेशप्रेरित र योजनाबद्ध' दुवै देखिएको बताए।

(क्रमशः पृष्ठ २ मा)

## कांग्रेसको सबै प्रस्ताव सर्वसम्मत पारित

# देउवा अब प्रधानमन्त्री बन्न नपाउने !

- निर्वाचनपूर्व गठबन्धन गर्न हुँदैन भन्ने लाइन गगनको देखिन्छ भने उपसभापति खड्का र महामन्त्री शर्माको लाइन गठबन्धन गर्नुपर्ने लाइन। तर तीनै प्रस्ताव महासमितिबिाट पारित भएको महामन्त्री थापाले सुनाए
- शर्माले कुनै एक व्यक्ति राष्ट्रपति एकपटकपात्र बन्न पाउने, प्रधानमन्त्री दुईपटक मात्र बन्न पाउने, मन्त्री तीनपटकमात्र बन्न पाउने र सांसद चारपटकमात्र बन्न पाउने प्रस्ताव राखेका थिए
- यदि उनको प्रस्ताव हुबहु पारित भएको मानिएमा देउवा अब प्रधानमन्त्री बन्न पाउने छैनन् र गगन सांसद



कांग्रेस महासमिति बैठकमा पार्टी सभापति शेरबहादुर देउवा। *तस्बिरः प्रभाव*

■ प्रभाव संवाददाता

**ललितपुर–** नेपाली कांग्रेसको महासमिति बैठक गोलमटोल निर्णय गर्दै सकिएको छ। पार्टीको नीति प्रष्ट पार्न आयोजना गरिएको बैठकमा तीन प्रस्ताव प्रस्तुत गरिएको थियो।

बिहीबार तीनै प्रस्ताव हलले सर्वसम्मत पारित गरेको घोषणा महामन्त्री गगन थापाले गरे। तर उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री थापाको सांगठनिक प्रस्ताव र अर्का महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्ताव भने परस्पर विरोध गर्ने खालका प्रस्ताव छन्।

कांग्रेसले निर्वाचनपूर्व गठबन्धन गर्न हुँदैन भन्ने लाइन गगनको देखिन्छ भने उपसभापति खड्का र महामन्त्री शर्माको लाइन गठबन्धन गर्नुपर्ने लाइनमा छन्। तीनै प्रस्ताव केही परिमार्जनसहित महासमितिमा पेस भएको थियो। महासमितिमा चार समूह बनाएर छलफल गर्दा अधिकांशले गठबन्धनलाई निरन्तरता दिनुपर्ने प्रस्ताव राखेका थिए। यद्यपि गठबन्धन गर्दा माओवादीलगायत दललाई मत दिनुपरेका क्षेत्रका महासमिति सदस्यहरूले भने रुखमै मत हाल्न पाउनुपर्ने हक सुनिश्चित गर्न माग गरेका थिए।

बाग्मती र गण्डकीमा यस्तो मत धेरै उठेको विषयमा बाग्मती प्रदेशका पार्टी सभापति इन्द्र बानियाँले राखेपछि हलमा होहल्लासमेत भएको थियो। बानियाँले निर्वाचनअघि गठबन्धन गर्न नहुने मत पनि आएको छ भन्नसाथ हलबाट महासमिति सदस्यहरू उठेर मञ्च घेर्न पुगेका थिए। त्यसपछि अवरुद्ध बन्दसत्रमा महामन्त्री थापाले प्रस्ताव आउँदै नआइ विरोध गर्न नहुने उल्लेख गर्दै महासमिति सदस्यहरूलाई शान्त रहन आग्रह गरेका थिए। त्यसपछि निरन्तर चलेको महासमिति बन्दसत्रमा महामन्त्री थापाले तीनवटै प्रस्ताव पारितका लागि पेस गरे।

'महासमितिको वैठकमा उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको नीति प्रस्ताव, महामन्त्री गगन कुमार थापाले प्रस्तुत गर्नु भएका सांगठानिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएको समसामयिक राजनीतिक प्रस्तावमा सहभागी सदस्यहरूबाट अत्यन्तै महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। प्राप्त सुझावहरूका आधारमा केन्द्रीय कार्यसमितले परिमार्जन सहित अन्तिम रूप दिने गरि तीनवटै प्रस्ताव महासमितिको यो बैठक सर्वसम्मतिले पारित गर्दछ,' थापाको घोषणापछि गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रको मुख्य हलमा ताली गुञ्जिएको थियो।

महामन्त्री थापाले महासमितिले यही गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको सुनाए। थापाले आफ्नो प्रस्तावमा समेटेको रुखमै मत हाल्न पाउने अधिकार सुनिश्चित गर्ने विषय भने कतै समेटिएको छैन। बन्दसत्रपछि सम्बोधनको क्रममा काम गर्न नसक्ने मन्त्रीहरूलाई सरकारबाट हटाउनुपर्ने माग गरे। यद्यपि आफ्नो मुद्दाको विषयमा उनले मुख खोलेनन्। यता अर्का महामन्त्री शर्माले पार्टीमा 'एक्जिट पोलिसी' चाहिने उल्लेख गर्दै अब यो विधान बन्ने बाटोमा गएको बताए। शर्माले कुनै एक व्यक्ति एकपटकपात्र राष्ट्रपति बन्न सकिने, दुईपटक मात्र प्रधानमन्त्री बन्न सकिने, तीनपटकमात्र मन्त्री बन्न सकिने र चारपटकमात्र सांसद बन्न सकिने व्यवस्था अब लागू हुनुपर्ने धारणा राखे।

शर्माले प्रस्तुत गरेको प्रस्तावमा पनि यो नीति उल्लेख गरिएको छ। मंगलबार शर्माले यो प्रस्ताव पेस गर्दा हलमा चर्को समर्थनस्वरूप ताली पाएका थिए। यो नीति लागू भए देउवा अब प्रधानमन्त्री बन्न पाउने छैनन्। देउवा यसअघि नै पाँचपटक प्रधानमन्त्री बनिसकेका छन्। माओवादीसँग गठबन्धन सरकारमा रहेको कांग्रेस सभापति देउवा छैटौंपटक प्रधानमन्त्री बन्ने दाउमा छन्। यसो त देउवालाई ज्योतिषीले सात पटक प्रधानमन्त्री बन्ने भविष्यवाणी गरेको समेत बताइन्छ। यता महामन्त्री गगन पनि सांसद बन्न पाउने छैनन्। उनी यसअघि नै चारपटक सांसद बनिसकेका छन्। अहिलेको मन्त्रिपरिषद्मा भएका अर्थमन्त्री महत, स्वास्थ्य मन्त्री मोहन बस्नेतलगायत मन्त्री बन्न पाउने छैनन्। उनीहरू यसअघि नै पटकपटक मन्त्री भइसकेका व्यक्ति हुन्।

**के यो नीति महासमितिले पारित गरेको हो त ?**

सभापति देउवाले यी प्रस्तावहरू पारित भइनसकेको बताएका छन्। 'प्रस्तुत प्रतिवेदन केन्द्रीय समितिले परमार्जन गर्ने गरी पारित भएका छन्।

(क्रमशः पृष्ठ २ मा)

# सामाजिक न्याय र सुशासनका पक्षमा लाग्न गृहमन्त्रीको निर्देशन

**नेपालगञ्ज (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सामाजिक न्याय, सुशासन र समृद्धिका पक्षमा सम्झौताहीन भएर लागिपर्न प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिएका छन्।



नेपालगञ्जमा बिहीबार सुरु भएको लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीको उद्घाटन गर्दै उनले उक्त निर्देशन दिएका हुन्। संघीय गृह मन्त्रालय र लुम्बिनी प्रदेशको गृह मन्त्रालयले प्रदेशस्तरीय सुरक्षा गोष्ठी आयोजना गरेको हो।

'नेपाली जनताले ठूलो त्याग र बलिदानमार्फत एकात्मक राज्य व्यवस्थालाई विस्थापित गरेर मुलुकलाई संघीय गणतन्त्रको ऐतिहासिक फड्कोमा पुऱ्याए पनि अपेक्षाअनुसार सामाजिक न्याय, सुशासन र समृद्धि निर्माण हुन सकेको छैन,' गृहमन्त्री श्रेष्ठले भने।

(क्रमशः पृष्ठ २ मा)






सन्दर्भः वैदेशिक रोजगार

# प्रदेशबाट श्रम स्वीकृति लिने बढे

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्यामा वृद्धि भएको छ। सरकारले वैदेशिक रोजगारसँग सम्बन्धित सम्पूर्ण सेवाहरू प्रदेशस्तरबाटै दिन थालेपछि श्रम स्वीकृति लिने कामदारको संख्यामा वृद्धि भएको हो। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीसँग सम्बन्धित सेवाहरू विकेन्द्रीत गरेर सातै प्रदेशबाट दिन थालेपछि श्रम स्वीकृति लिनेको संख्यामा वृद्धि भएको हो।

सरकारले वैदेशिक रोजगारीको लागि २०७५ सालदेखि प्रदेशस्तरमा रहेका श्रम तथा रोजगार कार्यालयबाट पुनः श्रम स्वीकृति दिँदै आएकोमा गत वर्षदेखि सबैखाले श्रम स्वीकृतिका सेवा प्रवाह गर्ने निर्णय गरेको थियो। जसअन्तर्गत चालु आर्थिक वर्षको छ महिनामा ५७ हजार १५९ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ।

विभागको तथ्यांकअनुसार श्रम स्वीकृतिका सम्पूर्ण सेवा दिन थालेपछि गत आव २०७९/८० मा ५२ हजारको संख्यामा श्रम स्वीकृति लिएका छन्। गत आवको तुलनामा चालु आवको ६ महिनामा नै ५७ हजार बढीले श्रम स्वीकृति लिएर रोजगारीको लागि बाहिरिएका छन्।

पुनः श्रम स्वीकृतिको मात्रै सेवा दिइरहेका प्रदेशका श्रम कार्यालयबाट नयाँ व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिन थालेपछि सेवाग्रहीको संख्या बढ्न थालेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए। 'आफूलाई पायक पर्ने ठाउँबाट सेवा लिन पाएपछि काठमाडौं नै धाउनुपर्ने बाध्यता हटेको छ,' उनले भने, 'जसका कारण प्रदेश कार्यालयमा कार्यव्यस्तता र सेवाग्राहीको चाप बढेको छ।' सबै श्रम तथा रोजगार कार्यालयबाट अनलाइनमार्फत संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रवाह भइरहेको महानिर्देशक घिमिरेले बताए।

हाल वैदेशिक रोजगार कार्यालय काठमाडौंको अलवा सातै प्रदेशका श्रम तथा रोजगार कार्यालय विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीबाट श्रम स्वीकृतिलगायत वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह भइरहेको विभागले जनाएको छ। त्यस्तै ३२ वटाभन्दा बढी म्यानपावर कम्पनीका शाखा कार्यालय र ४० भन्दा बढी अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूले प्रदेश कार्यालयहरूबाटै सेवा लिइरहेको बताइएको छ।

# बेलायत पठाइदिने भन्दै ७६ लाख ठगी

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारीको लागि युके (बेलायत) पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गर्ने एक जना पक्राउ परेका छन्। युकेमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा पाण्डव भन्ने युद्धबहादुर केसीलाई प्रहरीले पक्राउ गरेको हो।

बागलुङको बडीगाड– ९ घर भई हाल काठमाडौं बागबजार बस्ने ३६ वर्षीय केसीले शारदा सुवेदीसहित तीन जनालाई युके पठाई मासिक १० लाख ५० हजार रूपैयाँ तलबमा केयर गिभरको काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ। निज केसीले पीडितसँग पटक पटक गरी ७६ लाख रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धाबाट खुलेको छ।

रकम संकलन गरी फरार रहेका उनलाई खोजतालासका क्रममा बागबजारबाटै पक्राउ गरिएको बताइएको छ। केसीले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।

# प्रा.डा. बराल त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्त

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. केशरजंग बराल नियुक्त भएका छन् । विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहालले बिहीबार त्रिविको रिक्त उपकुलपति पदमा बराललाई नियुक्त गरेको प्रधानमन्त्रीका निजी सचिवालयका सदस्य विनोद न्यौपानेले जानकारी दिए ।



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई नेतृत्वमा रहेको उपकुलपति छनोट तथा सिफारिस समितिबाट सिफारिस भएका तीनै जना उम्मेदवारहरूको 'मेरिटोक्रेसी'का विषयमा प्रधानमन्त्री दाहालले अध्ययन गरेका थिए । सिफारिस समितिले विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि प्रधानमन्त्री दाहालसमक्ष बरालसहित चित्रबहादुर बुढाथोकी र टंकनाथ धमलालाई सिफारिस गरेको थियो ।

उनलाई नियुक्ति गर्नुअघि प्रधानमन्त्रीले शिक्षामन्त्री एवं शिक्षा सचिवसँग उनको 'करिअर'का विषयमा जानकारीसमेत लिएका थिए । उपकुलपति पदका लागि दरखास्त दिएका ४३ मध्ये प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि १४ जना छानिएकामा प्रस्तुतीकरण एवं अन्तर्वार्तापछि नियुक्तिका लागि तीन जनाको नाम सिफारिस गरिएको थियो । शैक्षिक योग्यताको आधार, तालिम, अनुसन्धानमूलक लेख, अन्तर्वार्ता एवं प्रस्तुतीकरणका आधारमा नियुक्ति गरिएको जनाइएको छ ।

### 'शैक्षिक क्यालेण्डर कार्यान्वयन पहिलो प्राथमिकता'

यसैबीच त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा.डा. बरालले पदबहाली गरेका छन् । बिहीबार साँझ कीर्तिपुरस्थित विश्वविद्यालय कार्यालयमा पुगेर उनले कार्यभार सम्हालेका हुन् ।

पदबहालीपछि कुराकानी गर्दै उपकुलपति बरालले आफ्नो पहिलो प्राथमिकता विश्वविद्यालयको वार्षिक शैक्षिक 'क्यालेण्डर' कार्यान्वयन गर्नु रहेको बताए ।

'त्रिभुवन विश्वविद्यालय देशको ठूलो संरचनायुक्त संस्था हो । यहाँ धेरै काम गर्नुपर्ने छ,' उनले भने । शैक्षिक क्यालेण्डर कार्यान्वयन तथा समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशनलाई प्राथमिकता दिने उपकुलपति प्रा.डा. बरालले बताए । विश्वविद्यालयको पाठ्यक्रम अद्यावधिक गर्ने आफ्नो योजनामा रहेको उनको भनाइ थियो ।

## कार्यसम्पादन मूल्यांकनमा सन्धिखर्क देशभरकै उत्कृष्ट

**अर्घाखाँची (प्रस)–** कार्यसम्पादन मूल्यांकनमा अर्घाखाँचीको सन्धिखर्क नगरपालिका देशभरकै प्रथम बनेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रारम्भिक नतिजाअनुसार आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन मूल्यांकनमा सन्धिखर्क प्रथम भएको हो ।

देशभरका ७५३ स्थानीय तहमध्ये सन्धिखर्कले ६१.८१ अंक प्राप्त गरी पहिलो भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।

स्थानीय तहलाई संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषबाट प्रदान गर्ने वित्तीय समानीकरण अनुदानअन्तर्गत कार्यसम्पादन मूल्यांकनका आधारमा अनुदान सिफारिसका लागि आयोगले कार्यसम्पादन मूल्यांकन गर्ने गर्दछ । कार्यसम्पादन मूल्यांकन गर्दा आयोगले स्थानीय तहसँग तथ्यांकहरू मागेर त्यसको आधारमा र उपलब्ध तथ्य सही वा गलत भएको प्रामाणित गरेर सोही आधारमा अंक प्रदान गरिन्छ ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/११/११

यस कम्पनीको मिति २०७९/०४/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बन्दीपुर हिमालयन रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. २४९६६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बन्दीपुर फार्म हाउस एण्ड रिट्रट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### मोटरसाइकल हराएको–सूचना

मिति २०८०/११/०५ गते दिउँसो अन्दाजी ३:३० बजे भक्तपुर सानोठिमी फुटबल ग्राउन्ड नजिकै पार्किङ्ग गरी राखेको ठाउँमा बा.प्र ०२-०४६ प ८०२७ को कालो रातो २२० सिसिको निम्न व्यहोरा भएको पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: सुजन कार्की
ईन्जिन नं.:DKXCNM38494
च्यासिस नं.:MD2A13EXXNCM84221
सम्पर्क नं.:9844283037

### स्कुटर हराएको सूचना

मिति २०८०/११/०२ गते का.जि.का.म.न.पा. वडा नं. ८, जय बागेश्वरी स्थित पार्किङ गरिराखेको अवस्थामा Honda रातो, कालो रंगको स्कुटर दिनको अन्दाजी २:१७ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

सवारी धनीको नाम : रेमन संगत
बाइक नं.: बा .प्र.०२-०४५ प ०२४४
च्यासिस नं.: ME43JF39JGPD061140
इन्जिन नं. : JF39ED1082324
ठेगाना: काठमाडौं
सम्पर्क: ९८०३७३१६८०

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/११/११

यस कम्पनीको मिति २०८०/०६/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वुमन एड्भेन्चेर प्रा.लि. (प्रा.लि. नं. २५८५५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वुमन एड्भेन्चेर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## पृष्ठ १ बाट क्रमशः

### विवाहेत्तर सम्बन्धले...

उनका अनुसार सीतापाइला घटना योजनाबद्ध भएको देखिन्छ । घटनामा आरोपी राजुले मंगलबार राति नै हम्मर र कैंची लगेर राखेको र बुधबार बिहानै श्रीमतीसहित तीन जनाको हत्या गर्नुले घटना योजनाबद्ध देखिएको ढकालले बताए ।

प्रहरीको तथ्यांकअनुसार हरेक दिन कम्तीमा दुई जनाको हत्या हुन्छ । पछिल्लो साढे सात वर्षमा चार हजार तीन सय ७० जनाको हत्या भएको तथ्यांकको आधारमा दिनहुँ दुई जनाको हत्या हुने गरेको देखिएको हो ।

मारिनेमा पुरुष धेरै छन् । साढे सात वर्षमा दुई हजार चार सय २९ जना पुरुष र एक हजार चार सय ८१ जना महिलाको हत्या भएको छ । तीन सय पाँच बालक एक सय ५५ बालिकाको पनि हत्या भएको छ । यसमध्ये केही पुरुष र महिलाको विवाहेत्तर सम्बन्धले निम्त्याएको दरार रहेको प्रहरीले जनाएको छ ।

■ ■ ■

### देउवा अब प्रधानमन्त्री...

आगामी केन्द्रीय समितिले यो प्रस्ताव परिमार्जन गर्नेछ,' महासमिति बैठक टुङ्ग्याउँदै देउवाले भने ।

#### हिन्दू लाइन समाउँदै शशांक

कांग्रेसले अर्को चुनावमा हिन्दू राष्ट्रको मुद्दालाई अघि बढाउने गरी तयारी गरेको देखिएको छ । बिहीबार नै केन्द्रीय सदस्य शंकर भण्डारीले एकहजार ६३ जना महासमिति सदस्यको हस्ताक्षरसहित हिन्दू राष्ट्र नेपालको माग गर्दै विशेष पुरक प्रस्ताव देउवालाई बुझाए । उनको समर्थनमा पूर्व महामन्त्रीसमेत रहेका शशांक कोइरालाले धर्मनिरपेक्षता गलत भएको बताए । 'धर्म स्वतन्त्र हुन्छ । तर दुर्भाग्यबश हामीले धर्मनिरपेक्षता बनायौं । यो गलत हो,' कोइरालाले भने । उनले पनि यो अभियानमा हस्ताक्षर गरेका थिए ।

त्यसैगरी कोइरालाले चुनावअघिको गठबन्धन ठीक नभएको तर्क गरे । महामन्त्री गगनको लाइनमा समर्थन जनाउँदै कोइरालाले भने, 'चुनावभन्दा पहिले गठबन्धन गर्नु दुर्भाग्य हो । सरकार बनाउँदा हो गठबन्धन गर्नुपर्ने । हाम्रो पार्टी कमजोर छैन । गठबन्धन गर्नु आवश्यक छैन ।'

यसैगरी कांग्रेस भन्दै अर्केलाई मत दिने कार्याकर्ता पार्टीलाई आवश्यक नरहेकोसमेत उनले बताए । '३६४ दिन कांग्रेस बन्ने, मत हाल्ने दिन अरुलाई हाल्ने, यस्तो कांग्रेस हामीलाई चाहिदैन,' कोइरालाले भने । धर्म निरपेक्षतालाई नै निरन्तरता दिने विषयमा कांग्रेस अडिग रहन नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघका अध्यक्ष ओमबहादुर घर्तीमगरले आग्रह गरे । उनलेसंघीय गणतन्त्रका मुल मर्म नै यही भएको उल्लेख गर्दै सभापति देउवालाई ज्ञापनपत्र बुझाएका छन् ।

हिन्दू धर्मबारे कांग्रेसले के निर्णय गर्छ त ? यसबारे अहिले कुनै निर्णय नलिने पार्टी प्रचार विभाग प्रमुख मिन विश्वकर्माले बताए । 'यो धर्मनिरपेक्षसहितको संविधान हो । यसको संरक्षण गर्ने र कार्यान्वय गर्ने विषयमा कांग्रेस प्रतिबद्ध छ । संविधान र पार्टीको विधानप्रति कांग्रेस थप प्रतिबद्ध छ,' प्रचार विभाग प्रमुख विश्वकर्माले बताए ।

■ ■ ■

### सामाजिक न्याय...

समाजवादउन्मुख संविधानको लक्ष्यका लागि राजनीतिक, कर्मचारी, सुरक्षा र सबै क्षेत्र तथा संयन्त्रले आफैंलाई रूपान्तरण गरेर र कानुनी मूल्यमा सावित भए मात्र सामाजिक विकासले मार्न सक्ने उनले बताए । वर्तमान सरकारले सुशासनका पक्षमा ऐतिहासिक पहल सुरु गरेकोले नै ललिता निवासको खर्बौंको जग्गा राज्यलाई फिर्ता आउनसकेको उनले बताए । बाँसबारी छालाजुत्ताको जग्गासमेत राज्यलाई फिर्ता आउने विश्वास उनले व्यक्त गरे ।

'शक्तिको आडमा अब कोही बच्न सक्दैन,' गृहमन्त्री श्रेष्ठले 'कुनै पनि शक्तिशालीको प्रभावमा नपर्न, सोसफोर्सको पछि नकुद्न र राजनीतिक शक्तिको अवाञ्छित दबाब नझेली ढुक्कसँग सेवा एवं सुशासनमा दत्तचित्त हुन आग्रह गर्दछु ।'

अतिक्रमण वा कब्जा गरिएका सरकारी जग्गा फिर्ता ल्याउने तथा त्यस्तो गर्नेलाई कारबाही गर्ने प्रक्रिया प्राथमिकता साथ अगाडि बढाइएको र त्यसको यकीन विवरण पेस गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देश गरिएको उनले बताए । त्यसबारे कुनै सूचना वा प्रमाण भए सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जानकारी दिन उनले सबैमा अनुरोध गरे ।

मिटर ब्याजपीडितको समस्या समाधान गर्न सरकारले आयोग र कानुन बनाएको, आयोमा आएका कार्यान्वयन हुन बाँकी उजुरी जिल्ला प्रहरी कार्यालयहरूले हेर्दै गरेको, प्रहरी कार्यालयले नै सरकारी वकिलको कार्यालयमार्फत अदालतमा अभियोजन गर्ने र त्यसको अनुगमन तथा सहजीकरण जिल्ला प्रशासन कार्यालयले गर्ने भएकोले कोही पनि भ्रममा नपर्न उनले अनुरोध गरे । 'यसो गर्दा पनि पीडितले न्याय पाउनै नसक्ने सन्दर्भ छन भने त्यसलाई समाधान गर्न थप अनुसन्धानका लागि सरकार तयार छ । त्यसैले कोही भ्रमित नबनौं, भ्रम नछरौं,' गृहमन्त्री श्रेष्ठले भने ।

सरकार नीति नै बनाएर सहकारी एवं वित्तीय संस्थापीडितको समस्या समाधान गर्न लागिपरेको उनले बताए । लागुऔषधको ओसार पसार र प्रयोग एक नकारात्मक भयावहका रूपमा खडा भएकोले सचेतना र नियन्त्रणलाई सँगसँगै अगाडि बढाइएको उनले बताए ।

उद्घाटन सत्रमा प्रदेशका गृहमन्त्री सन्तोषकुमार पाण्डेय, गृहसचिव दिनेश भट्टराई र प्रदेश गृहसचिव लालबाबु कवारीले आ-आफ्नो धारणा राखेका थिए । लगत्तैको अर्को सत्रमा प्रदेशका १२ जिल्लाकै सुरक्षा अवस्था र चुनौतीबारे सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले विवरण प्रस्तुत गरेका थिए ।

मुल सुरक्षा चुनौतीका रूपमा आत्महत्या, बैंकिङ कसुर, ज्यान केस तथा अभद्र व्यवहार, लागुऔषध ओसारपसार तथा प्रयोग, चोरी, जवर्जस्ती करणी, बहुविवाह, ठगी, धार्मिक एवं साम्प्रदायिक सद्भाव बिथोल्नेजस्ता कतिपय प्रयासबारे प्रमुख जिल्ला अधिकारीहरूले रिपोर्टिङ गरेका थिए । प्रशासनिक र कानुनी सँगसँगै अपराध तथा विकृतिविरुद्ध सचेतना अभियान समेत चलाइएको उनीहरूले बताए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIBERTIE PIPE FACTORY AND ACCESSORIE

पूर्व स्वीकृति मिति २०८०/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१० | LT. No. : 286634 | चलानी नं. ६०२०१९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 13 | 0 | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FIBERTIE PIPE FACTORY AND ACCESSORIE

पूर्व स्वीकृति मिति २०८०/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१० | LT. No. :295417 | चलानी नं. ६०२१०७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 9 | 0 | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १८ गते (1st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMPOWER EMPLOYMENT SERVICES L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१० | LT. No. 295538 | चलानी नं. ६०२१०५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 100 | 0 | 900 | ३२,५७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Reinforcing Fitter Assistant | 100 | 0 | 1200 | ४३,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १८ गते (1st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)

श्रम ईजाजत नं. १६५२/०८०/०८१

Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9849842264, 9807938407, 9851019844, yovant1652@gmail.com



## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडको

KUSCCOOP Since 2000

केन्द्रीय कार्यालय : कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाडौं
फोन नं.४५७८००६, ४५६५१०२
सदस्य सेवा केन्द्रहरू : कालिमाटी : ५३८२५२४ । ठमेल : ४५१२८४२ । साँखु : ४५५१८७३
माछा पोखरी : ४३८३६८९ । कोटेश्वर : ५९००६१०

### ऋणीलाई ऋणकर्जा चुक्ताभुक्तान गर्न जारी गरिएको ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।११।११ गते, शुक्रबार

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपशिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाको समयावधि समाप्त भएको तथा यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, व्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक तारताकेता गरेको, सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यथाशीघ्र यस संस्थामा सम्पर्क गरी कर्जाको तिर्नुपर्ने भाखा नाघेको साँवा ब्याज र हर्जना सहित सम्पूर्ण रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा असुली नीति २०६२ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य जायजेथा जो जे बाट हुन्छ असुलउपर गरिने छ । असुल उपर हुन नसकेको ऋण रकम ऋणी, जमानी तथा धनजमानी दिनेको घर, जायजेथा, चलअचल श्री सम्पत्ति जो जे हुन्छ । सो समेतबाट असुलउपर गरिने व्योहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | ब्यक्तिगत जमानी/धनजमानीको नाम ठेगाना | धितोको बिवरण : |
|---|---|---|
|  **नाम थर** : गौरी प्रभा श्रेष्ठ<br>**बुबाको नाम** : लक्ष्मी बहादुर श्रेष्ठ<br>**बाजेको नाम** : चन्द्र बहादुर श्रेष्ठ<br>**ससुराको नाम**: धर्मानन्द बज्राचार्य<br>**श्रीमानको नाम** : रबिन्द्र बज्राचाय<br>**स्थायी ठेगाना** : जिल्ला काठमाडौं, कामपा वडा नं. १९, काठमाडौं<br>**हालको ठेगाना** : कामपा, वडा नं.१४, कलंकी, काठमाडौं |  **नाम**: रविन्द्र बज्राचार्य<br>**बुवाको नाम** :- धर्मानन्द बज्राचार्य<br>**स्थायी ठेगाना** :- कामपा, वडा नं.१४, कलंकी, काठमाडौं | काठमाडौं जिल्ला कामपा वडा नं. १४<br>नक्सा सिट नं.: १०२११४२०९<br>कित्ता नं.: २६९ को क्षेत्रफल ७०।८० ब.मि. क्षेत्रफलमा बनेको घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |



प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८० /११/११

यस कार्यालयबाट मिति २०८०/१०/०५ गते www.bolpatra.gov.np/egpII र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार तपसिल बमोजिमका ठेक्का निर्माण कार्यका लागि E-bidding मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) बमोजिम छनौट गरिएको र सोहि ऐनको दफा २७ को उपदफा (२) तथा ४७ को उपदफा (१) को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम | छनौट गरिएको फर्मको नाम र ठेगाना (न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र) | कबोल गरेको अंक |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/R/11/080-081 | Upgrading of Purano Gau Road, Di.Ru.Ma.Na. Pa-1, Khotang (Chainage 0+075-0+300) | Jana Chetana Nirman Sewa, Diktel Rupakot Majhuwagadhi-05, Khotang | NRs.15,36,040.58 |
| 2 | IDO/UDA/NCB/W/R/12/080-081 | Upgrading of Diktel-1 Gupteshwor Mahadev to Bandi Daanda Road, Khotang (Chainage 0+000-1+100) | Sudemu Construction, Khotang | NRs.24,27,613.17 |
| 3 | IDO/UDA/NCB/W/R/13/080-081 | Constuction of Mahuregadhi Bahuprabidhik Shikxyalaya Road, Di.Ru.Ma.Na. Pa-13, Mahure Khotang (Chainage 0+000-0+400) | Q.N.C. Construction Pvt. Ltd, K.M.C.-10, Kathmandu | NRs.17,57,864.38 |
| 4 | IDO/UDA/NCB/W/R/14/080-081 | Bhorle School-Dhamala Tol- Thapa Tol Ring Road Construction, Katari Municipality-5, Udayapur (Chainage 00+000- 00+300) | Republic Construction, Kathmandu | NRs.15,38,799.17 |
| 5 | IDO/UDA/NCB/W/R/15/080-081 | Bhulke Das Bige to Krishi Campus Road, Udayapur (Chainage 00+000- 00+300) | DB Construction, Tapli-05, Udayapur | NRs.17,85,009.55 |
| 6 | IDO/UDA/NCB/W/R/16/080-081 | Upgrading of Gurung Chauri to Muskan Chowk Road (Chainage 0+000 to 0+500) (Plum wall) (Belaka Municipality-4, Udayapur) | Maa Chandra Construction Pvt.Ltd., Belka-05, Udayapur | NRs.17,58,842.12 |
| 7 | IDO/UDA/NCB/W/R/17/080-081 | Construction of culvert in between Pakhilai Tol and Baluwator Road (Culvert Construction) (Belaka Municipality-1, Udayapur) | Professional Consultant and Construction Pvt.Ltd. Triyuga | NRs.17,77,661.97 |
| 8 | IDO/UDA/NCB/W/R/18/080-081 | Upgrading of Rupatar Katahare Iname Mukhya mantri gramin sadak, Tapli Rural Muncipality, Udayapur | PK Nirman Sewa, Katari-04 | NRs.17,66,899.61 |
| 9 | IDO/UDA/NCB/W/R/19/080-081 | Construction of Sombare-Bihibare-Deulikuna-patle-Sishagaree-barmajhiya-Siddhicharan Rajmarga Petrol pump Road, Udayapur (Chainage 02+000- 03+100) | PK Nirman Sewa, Katari-04 | NRs.13,98,458.00 |
| 10 | IDO/UDA/NCB/W/R/20/080-081 | Construction of Ratanpur Ma. Bi. Connecting Road, Katari Municipality-7, Udayapur (Chainage 00+000- 00+300) | Pakhrin Nirman Sewa pvt. Ltd., Ka.na.pa. -07, Sindhuli | NRs.25,51,490.67 |

कार्यालय प्रमुख

# हिउँले सेताम्मे मनाङ



**मनाङ–** हिमाली जिल्ला मनाङमा हिमपातको समय घर्किसकेको छ। अनुकूल समयमा यस वर्ष मनाङमा पर्याप्त हिमपात हुन सकेन। तर समय घर्किसकेपछि हिमपात भएको छ। कम मात्रामा हिमपात भए पनि पर्याप्त भने पर्न सकेको थिएन। यस वर्ष फागुन दोस्रो साताबाट मात्रै भारी हिमपात भएको छ।

बुधबार साँझदेखि यहाँ हल्का हिमपात सुरु भएकामा रातभर भारी हिमपात भएको छ। समय घर्किसकेपछि परेको हिमपातले यहाँका घर, डाँडाकाँडा सेताम्मे भएका छन्। समयमा हिउँ परेको भए हिउँदमा पनि पर्यटक हिउँ खेल्न आउने गर्दथे। तर यस वर्ष समयमा हिउँ नपर्दा पर्यटक भने आउन सकेनन्। हिमपात भारी भएपछि पर्यटक हिउँ खेल्न आउने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले बताए।

उनले भने, 'कम मात्रामा हिउँ परिरहेकै हो। चिसो अत्यधिक नै थियो। तर हिजो साँझदेखि रातभर भने भारी हिउँ पर्‍यो। जसले किसानलाई खुसी बनाएको छ। यसले पर्यटकलाई आकर्षण पनि गर्ने छ।' जाडो छल्न बाहिर गएका मनाडी जिल्ला फर्किरहेको उनले बताए। अब खेती गर्ने याम पनि सुरु हुने भएकाले हिमपात भएपछि किसान हर्षित भएको प्रजिअ लामिछानेले बताए।

उनले भने, 'मनाडी जिल्ला भित्रिन थालेकाले विद्यालय, होटल पनि खुल्न थालेका छन्। जसले गर्दा अब यहाँ पर्यटक भित्रिने समय भएको छ। जाडो कम हुन थालेपछि सहज बन्दै जाने छ। तर पर्यटक तथा स्थानीयवासीलाई चिसोले हुनसक्ने स्वास्थ्यको सचेतता अपनाउन आग्रह गरेका छौं।' यहाँको मौसम अनुकूल बन्दै गएपछि अब पूर्वाधार निर्माणका कामले पनि गति लिने प्रजिअ लामिछानेले बताए।

हिउँले नै यहाँको कृषि क्षेत्र सिञ्चित हुने भएकाले पनि यहाँका किसानमा खुसी छाएको छ। समयमा कम मात्रामा परेको हिउँले बेमौसममा परेको हिउँलाई पछिसम्म सिञ्चित गर्ने छ। जसले गर्दा किसानमा खुसी छाएको छ।

पर्यटन क्षेत्रको आकर्षणको केन्द्र मनाङमा अब पर्यटक आउने याम सुरु भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख ढकबहादुर भुजेलले बताए। याम सुरु भएसँगै पर्यटक आगमन हुने भएकाले सचेत भएर आउन उनको आग्रह छ। उनले भने, 'पहिलेको तुलनामा अहिले हिमपात हुने समय फेरिएको छ। विशेषगरी मंसिरदेखि माघसम्म भारी हिमपात हुने समय हो। तर अहिले फागुनदेखि मात्रै भारी हिमपात हुने गरेको पाइन्छ। यसले गर्दा यहाँ आउने पर्यटकले जोखिमलाई ध्यान दिएर यात्रा गर्न सुझाउँछौं।'

हिमपात तथा बेमौसममा पनि यहाँ दैनिकरूपमा १५ देखि २० पर्यटक आउने गरेको उनले जानकारी दिए। त्यसै पनि मनाङको अन्नपूर्ण पदमार्ग जोखिम नै छ। तर यहाँको मौसमलाई ध्यान दिएर मात्र यात्रा गर्नुपर्ने उनको भनाइ छ। उनले भने, 'अहिले परेका हिउँ घाम लागेपछि पग्लिने हुन्छ। जसले गर्दा जोखिम बढी हुन्छ। हिउँ थुप्रिएर रहेको स्थानमा सतर्कता अपनाउनुपर्ने हुन्छ। पर्यटकले यसलाई ध्यान दिनुपर्ने हुन्छ।'

हिमाल, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरतासँग रमाउँदै मनाङबाट पाँच हजार ४१६ मिटर उचाइमा अवस्थित थोराङ्लापास पार गर्दछन्। अन्नपूर्ण पदमार्गअन्तर्गत थोराङ्ला पार गरी मुस्ताङको मुक्तिनाथ हुँदै पोखरा जाने गर्दछन्। मनाङ आउने पर्यटक केही अन्नपूर्ण पदमार्गमार्फत थोराङ्ला भञ्ज्याङ जान्छन् भने केही पर्यटक पाँच हजार २०० मिटर उचाइमा अवस्थित काङ्लापास पार गरी मनाङ डिस्याङ गाउँपालिका-३ डावल निस्कने गर्दछन्। *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERA CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/११/१० | LT. No. 300393 | चलानी नं. ६०२१५२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 20 | 15 | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १८ गते (1st Mar. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## Paterwa Sugauli Rural Municipality
### Office of Rural Municipal Executive
Paterwa Sugauli, Parsa
Madhesh Province (Nepal)

### NOTICE OF INVITATION FOR ELECTRONIC BID

*First Date of Publication: 2080/11/11 (23rd Feb 2024)*

1. Paterwa Sugauli Rural Municipality, Parsa Invites electronic Bids From eligible Nepalese bidders for the following works.

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period/ Security period from the last date of submission | Estimated Amount (Inclusive VAT) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/PSRMUN/NCB/ WORKS/2080/081 | Supply of 48mm dia Handpump set & Platform Construction Work | 90/120 days | 4,866,348.24 | 125,000.00 | 3000.00 | |

Further Information's to bidder:

| | |
|---|---|
| **Deadline for Bid Submission :** | 2080/12/14 (27/03/2024) till 12:00 Noon |
| **Date, Time & Place of Bid Opening:** | 2080/12/14 (27/03/2024) 1:00 pm at Paterwa Sugauli Rural Municipality |
| **Account No. for Bid Document Purchase:** | Name of Bank :- Sanima Bank ,Paterwa Sugauli-Parsa<br>Name of Office :- Paterwa Sugauli Ga. Pa. Aantrik Rajaswa khata Ga 1.1<br>Office Account no : 064010040000008 |
| **Account No. for Bid Security Deposit:** | Name of Bank :- Sanima Bank, Paterwa Sugauli-Parsa<br>Name of Office :- Paterwa Sugauli Ga.Pa. Dharauti Khata Ga-3<br>Office Account no : 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Paterwa Sugauli Rural Municipality Office, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp**
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instruction to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
नवलपरासी, बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल
२०७३

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/११/११)**

यस नगरपालिकाबाट मिति २०८०/१०/१६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा तपशिल कार्यको लागि प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार इ-विडिङ मार्फत प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र मध्ये तल उल्लिखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | कार्यालय | कार्य विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम, ठेगाना | कबोल रकम कर सहित (रु.) |
|---|---|---|---|---|---|
| १ | RE(02/KM/ NCB/080-081goods) | कावासोती नगरपालिकाको कार्यालय | कार्यालय मशलन्द सामग्री खरिद | सालघारी इन्टरप्राइजेज प्रा.लि., ललितपुर | १३,४६,३३८.५० |

**प्रमुख प्रशासकीय अधिकृत**


## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).
निःशुल्क भिषा, निःशुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म निःशुल्क स्वास्थ्य जाँच, सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पश्चात), निःशुल्क आवास र खाना (छनौट पश्चात), निःशल्क राहदानी शुल्क।

रोजगारदाताको विवरण । **Employer's Information:**
Employer Company's Name: TOP QUALITY GLOVE SDN BHD
रोजगारदाता कम्पनीको नामः टप क्वालिटि ग्लोभ एस डि एन. बि एच डि.
Employer Company's Address/Job Site: Selangor
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थानः सेलांगर

| पूर्व स्वीकृति मिति : २०८०/०२/१७ Pre Approval Date: 2023-05-31 | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१० Pre Approval Date: 2024-02-22 | चलानी नं.: ६०२०४३११ Reference No: 60204311 | LOT NO. 286913 |
|---|---|---|---|

| सि.न | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलव QR | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल कामदार | 0 0 | 50 ५० | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed अंग्रेजीमा र पढ्न, बोल्न, ले ख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनुपर्ने | 1500 १५०० | 42000 ४२००० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

रोजगारदाताको विवरण । **Employer's Information:**
Employer Company's Name: FLEXITECH SDN. BHD.
रोजगारदाता कम्पनीको नामः फेलिक्सटेक एस डि एन. बि एच डि.
Employer Company's Address/Job Site: Selangor
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थानः सेलांगर

| पूर्व स्वीकृति मिति : २०८०/११/०८ Pre Approval Date: 2024-02-20 | चलानी नं.: ६०२१५३२८ Reference No: 60215328 | LOT NO. 300296 |
|---|---|---|

| सि.न | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलव QR | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल कामदार | 150 १५० | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed अंग्रेजीमा र पढ्न, बोल्न, ले ख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनुपर्ने | 1500 १५०० | 42000 ४२००० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरू:
1. Nature of Job: General Worker in Manufacturing sector.
   काम को प्रकृति: उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
   i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
   ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिन: तलब * २.०
   iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब * ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
   विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा।
5. Annual Leave:8 days for first two years of service.
   वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन।
6. Sick Leave/ farem farar
   i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
   अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा।
   ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
   अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा।
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ।
8. Right to freedom of association and collective bargaining will be respected.
   संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ।
9. Right to freedom of Religion.
   धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
   आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
   स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनविमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं अफिस कार्यालयमा मिति २०८०, फागुन १८ गते हुनेछ।
Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 1st March, 2024.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।

Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non–fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees.

**Note:** (नोट)
1. This is an absolutely zero–cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो। यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

2. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.

२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।

ठगहरूबाट साबधान रहनुहोस्/**Beware of Swindlers**

कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन नं ९८०२०२१३६१ मा वा इमेल tnocomplaint@trustnepal.com मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौं।
Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १. जापनो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

